# नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
### धादिङवेसी, धादिङ

## प्रस्ताव आव्हानको सुचना

### प्रथम पटक प्रकाशित मिति २०७४।१२।२०

यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.व.२०७४।०७५ को लागत साझेदारी कार्यक्रम अनुसार नीलकण्ठ नगरपालिका भित्र सुरक्षीत पशु वध तथा स्वस्थ्य मासु आपुर्ति व्यवसाय गर्नका लागि इच्छुक निजी फर्म, कम्पनी, संघ/संस्थाहरुले आवश्यक कागजातहरुको साथमा सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा शिलवन्दि प्रश्ताव दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ। प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र दर्ता गर्न सकिनेछ।

| क्र.स. | साझेदारी कार्यक्रम | साझेदार संख्या | लागत साझेदार अधिकतम रकम | कार्यालयको तर्फबाट(७०%) | साझेदारको तर्फबाट(३०%) |
|---|---|---|---|---|---|
| १. | स्वथ्य तथा स्वच्छ मासु उत्पादन आयोजना | १ वटा | ३८,५७,०००। | २७,००,०००। | ११,५७,०००। |

नोट : व्यवसायिक कार्ययोजनाको आधारमा वातावरणिय पक्ष, दिगोपना, गुणस्तर सुनिश्चित हुने आधार, उपभोक्ता हित मैत्री आदि पक्षलाई अध्ययन गरी मुल्यांकन हुनेछ।

**प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजातहरु**

१. रु.१०००। को नगरपालिकाको रसिद सहितको निवेदन

२. आवेदकको नेपाली नागरिकताको प्रतिलिपी (संस्था भएमा अध्यक्षको नागरिकताको प्रतिलिपि)

३. विस्तृत व्यवसायिक कार्ययोजना

४. प्रचलित कानुन वमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता तथा नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी

५. व्यवसायिक संस्था , फर्म, कम्पनी, संघ/संस्था समितिहरुको मुल्य अभिवृद्धि कर(VAT) वा स्थायी लेखा नम्वर (PAN) दर्ताको प्रमाण पत्रको प्रतिलिपी र कार्यसमितिको निर्णय

६. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र

७. वित्तिय क्षमता प्रमाणित गर्ने सम्वन्धित कागजातहरु

८. यदि व्यवसाय संचालन भई रहेको भए सो को फोटो सहित पेश गर्नु पर्नेछ।

९. अन्य प्रावधान प्रचलित कानुन वमोजिम हुनेछ।

प्रमुख प्रशाशकिय अधिकृत